प्र.जि.अ.अ. ५२-२११०
निवास ५२-२२८२
☎ स.प्र.जि.अ ५२-३०४७
🖷 ०५१-५२४०६६

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

पर्सा

(स्थानीय प्रशासन फाँट)

पत्र संख्या : स्था. प्र.०७७/७८

च.नं. : ४४६०

मिति : २०७८-०१-२१

श्री गृह मन्त्रालय, (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा),
सिंहदरबार, काठमाण्डौं ।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, (स्वास्थ्य आपतकालीन तथा विपद्
व्यवस्थापन केन्द्र), रामशाहपथ, काठमाण्डौं ।
श्री प्रदेश कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (PCCMC),
प्रदेश नं-२, जनकपुरधाम, धनुषा ।
श्री बीरगंज महानगरपालिका, नगरकार्यपालिकाको कार्यालय, पर्सा ।
श्री सुरक्षा निकाय सबै, पर्सा ।

**विषय : DCCMC को निर्णय पठाईएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा जिल्ला कोभिड-१९ संकट व्यव्थापन केन्द्र (DCCMC) को मिति २०७८-०१-२१ गते बसेको निर्णयको छाँयाकपी पाना थान-२ (दुई) यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

विनय कुमार श्रीवास्तव
प्रशासकीय अधिकृत

प्रशासकिय अधिकृत

आज मिति २०७८ साल वैशाख २१ गते मंगलबारका दिन जिल्ला जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) का अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री पिताम्बर घिमिरेज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा DCCMC को बैठक बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

**विशेष आमन्त्रित**

| | |
|---|---|
| प्रमुख श्री विजय कुमार सरावगी, | वीरगंज महानगरपालिका, पर्सा । |

**उपस्थिति**

| | |
|---|---|
| अध्यक्ष श्री पिताम्बर घिमिरे | प्रमुख जिल्ला अधिकारी, पर्सा |
| सदस्य श्री संजय कुमार ठाकुर | मे.सु. नारायणी अस्पताल, बीरगंज, पर्सा |
| सदस्य श्री मदनजंग राणा | प्रमुख सेनानी, चण्डी प्रसाद गण, पर्सा |
| सदस्य श्री बेल बहादुर पाण्डे | प्रहरी उपरीक्षक, जिल्ला प्रहरी का., पर्सा |
| सदस्य श्री राजेन्द्र खड्का | स.प्र..उ., स.प्र.ब. नेपाल, पर्सा |
| सदस्य श्री रामबाबु चौधरी, प्रमुख अनुसन्धान अधिकृत, | रा.अ.जि. कार्यालय, पर्सा |
| सदस्य श्री कामेश्वर चौरसिया, | बरिष्ठ जनस्वास्थ्य अधिकृत, जि.स्वा.का. |
| सदस्य श्री ध्रुव गिरी, | स.प्र.जि.अ. जिल्ला प्रशासन कार्यालय, पर्सा |
| सदस्य सचिव श्री भिमकान्त पौडेल | स.प्र.जि.अ. जिल्ला प्रशासन कार्यालय, पर्सा |

**आमन्त्रित**

| | |
|---|---|
| अध्यक्ष श्री पुरेन्द्र लाभ | नारायणी अस्पताल विकास समिति, पर्सा |
| अध्यक्ष श्री सुबोध गुप्ता, | बीरगंज उद्योग वाणिज्य संघ, पर्सा। |
| अध्यक्ष श्री अनुप तिवारी, | नेपाल पत्रकार महासंघ, पर्सा। |
| मन्त्री श्री ~~शैलेन्द्र~~ चौरसिया<br>~~सभापति श्री बिरेन्द्रराज कडेल~~, | नेपाल रेडक्रस सोसाइटी, पर्सा। |
| अध्यक्ष श्री हरिपन्त, | होटेल व्यवसायी संघ, पर्सा |
| अध्यक्ष श्री दिपकमान श्रेष्ठ | होटेल व्यवसायी संघ |
| स्वा.अ. श्री जयमोद ठाकुर | स्वास्थ्य कार्यालय, पर्सा |

## जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) का निर्णयहरु (२०७८-०१-२१)

**निर्णय नं १**

DCCMC को पूर्ववत् बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा गरियो ।

**निर्णय नं २**

हाल जिल्लाको कोभिड-१९ को संक्रमणको अवस्था नियन्त्रण, रोकथाम र उपचारका सम्बन्धमा भए/गरेका कामको समिक्षा गर्दै यस सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकारका निर्णय र निर्देशनहरु DCCMC एवं स्थानीय तह र सम्बद्ध निकायहरुबीचको आपसी समन्वयमा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने/गराउने ।

**निर्णय नं ३**

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८-०१-१९ को कोभिड-१९ नियन्त्रण सम्बन्धी निर्णयहरु बैठकमा प्रस्तुत भई छलफल भयो र यसको प्रभावकारी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

यस जिल्लामा संचालित अक्सिजन उत्पादन गर्ने उद्योगहरुलाई पूर्ण क्षमतामा संचालन गर्न अनुरोध गर्ने र यसका लागि चाहिने आवश्यक सहयोग गर्ने । हाल उत्पादित अक्सिजन स्वास्थ्य क्षेत्रमा उपलब्ध गराउने । अन्यत्र क्षेत्रमा आपूर्ति नगर्ने । अक्सिजन उद्योगहरुबाट हुने अक्सिजनको उत्पादन, भन्डारण र बिक्री वितरणको दैनिक अनुगमन एवं प्रतिवेदन गर्ने व्यवस्था जिल्ला प्रशासन कार्यालयले मिलाउने ।

**निर्णय नं ५**

यस जिल्लामा कोभिड-१९ को संक्रमण नियन्त्रण र रोकथामका लागि जारी भएको निषेध आदेश कोभिड-१९ को संक्रमणको श्रृङ्खला तोड्न (Chain Break गर्न) उपयोगी भएको देखिएकोले हाल जारी आदेशलाई यही मिति २०७८-०१-३० गते राती १२:०० बजेसम्म थप गर्न उपयुक्त हुँदा सो को लागि प्रमुख जिल्ला अधिकारीलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

कोभिड-१९ को संक्रमित विरामीको उपचार गर्न बीरगंज महानगरपालिकाद्वारा बीरगंज महानगरपालिका भित्र उपयुक्त स्थानमा १०० बेड क्षमताको कोभिड-१९ अस्थायी विशेष अस्पताल यथाशिघ्र सञ्चालनमा ल्याई उपचार सेवा शुरु गर्ने । त्यसैगरी तत्कालै १०० बेड क्षमताको आईसोलेशन सेन्टर स्थापना गरी सञ्चालनमा ल्याउने ।

**निर्णय नं ७**

कोभिड-१९ को परिक्षण गर्ने कार्यलाई सहज बनाउन बीरगंज महानगरपालिकाले उपयुक्त स्थानमा स्वाब संकलन केन्द्र स्थापना गरी स्वाब संकलन गर्ने र संकलित स्वाबको परिक्षण नारायणी ~~उपक्षेत्रीय~~ अस्पतालमा गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं ८**

नारायणी अस्पताल विकास समिति, पर्साबाट माग गरिएका निम्न २ जना कर्मचारीहरुलाई कोभिड-१९ को विरामीको उपचार गर्ने काममा खटाईएकोमा निजहरुसँग नारायणी अस्पतालले बढिमा चार महिनाको करार सम्झौता गरी सोही अस्पतालले कार्य गरेको प्रमाणित गरेको आधारमा निजहरुलाई प्रदेश सरकारले DCCMC लाई उपलब्ध गराएको बजेटबाट नियमानुसारको पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

निम्न

१. डा. राजिब यादव
२. नन्दन कुमार सिंह